नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं.: ४-२६२५४३
४-२६२५९०
४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

रामशाहपथ
काठमाडौं, नेपाल

प.सं.: २०७१।०७२
च.नं. :

मिति: २०७२।०१/२१

**बिषय: उद्धारकर्ता, घाईते एवं आम नागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा विपद पश्चात हुने महामारीजन्य रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट मिति २०७२/०१/२१ गते १२: ३० वजे सम्म सम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सवैको जानकारीको लागि प्रेषित गरिन्छ ।

## १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरुको परिचालन तथा अनुगमन

- मिति २०७२/०१/२० गते सम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ७४ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ७०० भन्दा वढी मेडिकल विशेषज्ञहरु रहेका छन् र १०० भन्दा वढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल विशेषज्ञहरुको टिम परिचालन भएका छन् जसमा १००० भन्दा वढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ ।
- आज मान्नीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूवाट Indonesian Medical टिमलाई उद्धार तथा उपचार सन्दर्भमा व्रिफिङ गर्नुभयो ।
- Nycmedics Global Disaster Relief New York USA धादिङ मा, Medical Rescue Team China Government धुलिखेल अस्पतालममा, ललितपुरको जाउलाखेलमा, र BP Koirala Cancer अस्पताल भरतपुरमा, भारतीय जैन संगठन धादिङको वैरनीमा र काभ्रेको पाँचखालमा, Malayasian Government Rescue Team काभ्रेको भूमेटारमा र फँलाटेमा, शुक्रराज ट्रपिकल अस्पताल टेकुको टिम धादिङको जीवनपुर गा.वि.स.मा आज परिचालित भएका छन् ।

## २.उपकरण र औषधि पठाईएको स्थानहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यक्ता अनुसार निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।
- केन्द्रिय दैवि प्रकोप उद्धारकोषवाट प्राप्त रु २ करोड २८ लाख र नेपाल सरकारको रु १ करोड ३५ लाख गरी थप ८ जिल्ला (जिल्ला स्वास्थ्य कार्यालय खोटाङ, सिन्धुली, ओखलढुङ्गा,सोलुखोम्वु, लमजुङ, कास्की स्याङजा) गरी हालसम्म ३२ वटा स्वास्थ्य संस्थाहरुलाई जम्मा रु ३ करोड ६३ लाख रुपैयाँ वजेट औषधि उपकरण र प्रकोप नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी बाँडफाँड गरेर मिति २०७१।१।१९ र २० गते नै विभिन्न स्वास्थ्य संस्थाहरुमा पठाई सकिएको छ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं.: ४-२६२५४३
४-२६२५९०
४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

प.सं.: २०७१।०७२
च.नं. :

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय नेपाल सरकार २०६१

रामशाहपथ
काठमाडौं, नेपाल

मितिः २०७२।०१/२१

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२१ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ३४,३९५ रहेको छ । स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय वमोजिम रहेको छ ।

| | |
|---|---|
| • भक्तपुर ३६१० | • नुवाकोट २९४७ |
| • धादिङ ८०४ | • ओखलढुङगा ९२ |
| • दोलखा २६४ | • रामेछाप १५०० |
| • गोरखा ३७२ | • रसुवा ७०० |
| • काठमाण्डौ १३७५५ | • सिन्धुली १३३ |
| • काभ्रे ४१०८ | • सिन्धुपाल्चोक १५५० |
| • ललितपुर १८६७ | • लमजुङ १९३ |
| • मकवानपुर ३०० | • निजामती अस्पताल २२०० |

४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारीजन्य रोगहरु रोकथामका लागि स्वास्थ्य सन्देश संचार माध्यमहरुवाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभावित जिल्लाहरुमा वितरण निरन्तर रुपमा गरिरहेको छ ।

५. औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ आजदेखि संचालनमा ल्याएको छ । यदि कुनै ठाँउवाट स्वास्थ्य सम्वन्धि जानकारी लिन वा दिन परेमा माथि दिएको टोल फ्रि नम्वरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय